# नीति अनुसन्धान प्रतिष्ठान
# Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)

प.सं. :- ०८०/८१
च.नं. :- २४८

मिति :- २०८०/१०/०७

बेसीशहर न. पा., लमजुङ
दर्ता नं.: ८७८
मिति: २०८०।१०।२१

महोदय,

विषय: सर्वेक्षण कार्यलाई सहयोग गरिदिने बारे।

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारद्वारा नीतिहरूको समीक्षा र संश्लेषण गर्न, र सार्वजनिक नीति संवाद, प्रमाणमा आधारित अनुसन्धान, र कार्यान्वयनयोग्य सामाजिक, आर्थिक, सांस्कृतिक र स्थानीय परिवेश अनुकूलको समसामयिक सार्वजनिक नीतिको आवश्यकताहरू पहिचान र अद्यावधिक गर्न जिम्मेवारी दिइएको नेपाल सरकारको विशेषज्ञ समूह (think-tank) हो ।

यस सन्दर्भमा, हाल नीति अनुसन्धान प्रतिष्ठानले जलविद्युत विकास नीति, २०५८ को समीक्षा गरिरहेको व्यहोरा अवगत गर्दछौं । उक्त नीति समीक्षामा थप पृष्ठपोषणका लागि नीति अनुसन्धान प्रतिष्ठानले अनलाइन सर्वेक्षण मार्फत जलविद्युत क्षेत्रमा आवद्ध उपभोक्ता र लगानीकर्ताको सुझाव सङ्कलन गरिरहेको छ । यस सर्वेक्षण मार्फत आफ्नो अमुल्य सुझाव राखी प्रतिष्ठानको अध्ययन कार्यमा सहयोग गरी दिनुहुन हार्दिक अनुरोध गर्दछौं । यो अनलाइन सर्वेक्षण फारम भर्न करिव १२ देखि २० मिनेट समय लाग्न सक्छ । सर्वेक्षणमा उत्तरदाताले दिएका सूचना तथा उत्तरदाताको परिचय गोप्य रहने ब्यहोरा समेत जानकारी गराउँछौं । साथै समग्र सूचना अनुसन्धान प्रयोजनको लागि मात्र प्रयोग गरिने प्रतिवद्धता समेत व्यक्त गर्दछौं । सर्वेक्षण फारम यस लिङ्क वाट प्राप्त गर्न सकिन्छ ।

https://forms.gle/PHX74okcNSxgcTmNA

यहाँको अमुल्य सहयोगको लागि नीति अनुसन्धान प्रतिष्ठान सदैव आभारी रहने छ ।

धन्यवाद !

.............................
डा. कल्पना खनाल,
वरिष्ठ अनुसन्धानकर्ता
आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र